

Westerville City School District

# Kindergarten Registration

## बच्चाहरू सेप्टेम्बर 30, 2022 मा वा त्यस भन्दा अगाडि पाँच वर्ष उमेरको हुनुपर्छ

बच्चाहरूलाई उनीहरू कक्षा एकमा प्रवेश गर्नु भन्दा पहिला किन्डरगार्टेन अनिवार्य छ । यदि तपाईंको बच्चा सेप्टेम्बर 30, 2022 मा वा त्यस भन्दा अगाडि पाँच वर्ष उमेरको हुन्छन्/छिन् भने किन्डरगार्टेनको लागि तपाईंले उनको नाम दर्ता गराउन सक्नुहुन्छ ।

Westerville City School District (वेस्टरभिल सिटी स्कुल डिस्ट्रिक्ट) ले पूरा-दिन किन्डरगार्टेन (All-Day Kindergarten) विकल्प उपलब्ध गराउँछ । पूरा-दिन किन्डरगार्टेन कार्यक्रम जिल्लामा पढ्न जानुपर्ने भनेर विद्यालय निर्धारण गरिएको सीमाना भित्रमा बसोबास गर्ने परिवारहरूको लागि उपलब्ध छ । कार्यक्रममा सीमित सङ्ख्यामा सिट हुने भएकोले पूरा-दिन किन्डरगार्टेनमा प्लेसमेन्ट लोटरी अर्थात् चिट्ठाद्वारा निर्धारण गरिन्छ । लोटरी प्रक्रियामा समावेश हुनका लागि अभिभावकहरूले अनलाइन भर्ना आवेदन भर्दाको समयमा पूरा दिन किन्डरगार्टेनमा इच्छुक रहेको भनेर अनिवार्य रूपमा उल्लेख गर्नुपर्छ । पूरा दिन किन्डरगार्टेनका लागि शिक्षण शुल्क शैक्षिक वर्षका लागि $3000 हुन्छ । शिक्षण सहयोग आवश्यक योग्यता पूरा गर्नेहरूलाई मात्र उपलब्ध हुनेछ । पूरा-दिन किन्डरगार्टेन सम्बन्धी जानकारी प्राप्त गर्नको लागि कृपया www.wcsoh.org/ADK मा जानुहोस् ।

आमाबुबाका आवश्यकताहरू पूरा गर्न र उहाँहरूको यस अनुभवलाई व्यक्तिगत रूपमा सम्बोधन वा समाधान गर्ने उद्देश्य राखी हाम्रो यो दर्ता प्रक्रिया तयार गरिएको हो । कृपया किन्डरगार्टेन दर्ता सम्बन्धी कुनै प्रश्नहरू भएमा Enrollment and Family Resource Center (नाम दर्ता तथा परिवार श्रोत केन्द्र) लाई 614-797-7700 मा फोन गर्नुहोस् ।

यदि तपाईंको बच्चा हाल ELC मा Westerville City Schools को प्रिस्कुलमा भर्ना छन् भने तपाईंले नाम पुन: दर्ता गर्नु **पर्दैन**, यद्यपि किन्डरगार्टेन सम्बन्धी अवसर तथा क्रियाकलापहरूसँग आफूलाई परिचित गराउनको लागि तपाईंलाई जानकारी भएका सामग्रीहरू http://www.wcsoh.org/kindergartenबाट डाउनलोड गर्नका लागि प्रोत्साहित गरिन्छ । कागजी प्रतिहरू हरेक इलिमेन्ट्री स्कुल र 936 Eastwind Dr मा अवस्थित Early Learning Center/Administrative Office(प्रारम्भिक सिकाइ केन्द्र/प्रशासनिक कार्यालय) मा उपलब्ध हुनेछन् ।

### तपाईंको बच्चाको दर्ताको लागि आवश्यक कुराहरू (परिवर्तित 'आदेश')

**चरण 1:** सबै **आवश्यक** कागजातहरू जम्मा गर्नुहोस्:

1.* सक्कल जन्म दर्ता प्रमाणपत्र;
2. संरक्षकत्व जिम्मा पाएका आमा/बुबा/कानुनी अभिभावकको फोटो सहितको परिचयपत्र;
3.* आवास अनुमतिको दुई (2) वटा प्रमाण;
4.* अद्यावधिक गरिएको खोपका रेकर्डहरू;
5.* सम्बन्धविच्छेद/संरक्षकत्व जिम्माका लागि अदालतका छाप लागेका सक्कल कागजातहरू (यदि यो तपाईंको स्थितिमा लागू हुने भएमा) अनिवार्य रूपमा [1]अदालतको हस्ताक्षर र मिति/समयको चाप लगाइएको हुनुपर्छ;
6 यदि तपाईंको बच्चा संयुक्त राज्य अमेरिकाभन्दा बाहिर जन्मिएको भएमा TB परीक्षणको नेगेटिभ नतिजाहरू (#6 मा झैं)

* वस्तुहरू 1, 3, 4 र 5 को लागि यस घोषणाको पृष्ठ 3 मा स्पष्टीकरण हेर्नुहोस्

**चरण 2:** अनलाइन भर्ना आवेदन भर्नुहोस् र **कानुनी अभिभावकका लागि काम गर्ने इमेल ठेगाना समावेश ।**

**चरण 3:** आफ्नो अनलाइन आवेदनको अन्तमा कृपया **अपोइन्टमेन्टको समय** मिलाउनुहोस् । प्रत्यक्ष आमने-सामने बैठक नबस्ने भएकोले यस अपोइन्टमेन्टले हाम्रो टोलीलाई प्रक्रिया अगाडि बढाउनका लागि सक्रिय आवेदन तयार छ भनेर जानकारी गराउँछ । यदि तपाईंले एकजना बढी विद्यार्थी भर्ना गर्दै हुनुहुन्छ भने कृपया प्रक्रियाका लागि पर्याप्त समय दिनका लागि हरेक विद्यार्थीका निम्ति थप अपोइन्टमेन्टहरूको समय मिलाउनुहोस् ।

यदि तपाईंले पहिलो दुई हप्ताभित्र अपोइन्टमेन्टको समय मिलाउन सक्नुहुन्न भने कृपया भर्ना केन्द्रलाई फोन नगर्नुहोस् ~ दुई महिने दर्ता प्रक्रियाभरि नै थप अपोइन्टमेन्टहरू प्रदान गर्न जारी राखिनेछ ।

तपाईंले आफ्नो अपोइन्टमेन्टको समय मिलाइसकेपश्चात् कृपया त्यसलाई सार्ने नगर्नुहोस् किनभने अपोइन्टमेन्टको समय परिवर्तन गर्दा त्यसले तपाईंको भर्नाको प्रक्रियामा ढिलाइ गराउनेछ ।

कृपया ध्यानमा राख्नुहोस् कि तपाईंको अपोइन्टमेन्टको जानकारी इमेल गरेर मात्र पठाइनेछ - हाम्रो कार्यालय बन्द रहने भएकोले तपाईं हाम्रो OhioHealth कार्यालयमा आउनुपर्ने **छैन** ।

**चरण 4:** तपाईंले आफ्नो समय तय गरिएको भर्ना अपोइन्टमेन्टको मितिमा वा सोभन्दा अगाडि भर्ना विशेषज्ञबाट इमेल प्राप्त गर्नुहुनेछ ।

**चरण 5:** आवश्यक कागजातहरूलाई अनलाइन भर्ना आवेदनमार्फत सोझैं अपलोड गरिनुपर्छ वा भर्ना प्रक्रिया पूरा गर्नका लागि तपाईंलाई सम्पर्क गर्ने भर्ना विशेषज्ञलाई इमेल गरेर पठाइनुपर्छ ।

निष्क्रियताको कारणले गर्दा डिलिट हुनबाट बच्नका लागि तपाईंको आवेदनलाई अनिवार्य रूपमा 30 दिनभित्र पूरा गरिनुपर्छ ।

**यदि तपाईंलाई आफ्नो बच्चा कुन विद्यालयमा पढ्न जानेछन्/छिन् भनेर थाहा नभएमा तपाईंले Westerville City Schools को कुनै पनि प्राथमिक विद्यालय वा Enrollment and Family Resource Center लाई 614-797-7700 मा फोन गर्न सक्नुहुन्छ । तपाईं हाम्रो वेबसाइट www.wcsoh.org मा पनि जान सक्नुहुन्छ ।**

## किन्डरगार्टन 101 उपलब्ध बुधबार, जनवरी 5 @ 5 p.m.

किन्डरगार्टेन 101 भनेको प्रिन्सिपल तथा किन्डरगार्टेनका शिक्षकहरूको प्रस्तुतिकरण हो । प्रस्तुतिकरणको उद्देश्य भनेको किन्डरगार्टेनमा आफ्नो बच्चा भर्ना गर्ने प्रक्रियाका बारेमा अभिभावकहरूलाई सूचित गर्नुका साथै किन्डरगार्टेनको सामान्य दिन कस्तो हुन्छ र शैक्षिक वर्षभरि हाम्रा किन्डरगार्टेन विद्यार्थीहरूबाट के अपेक्षा गरिन्छ भनेर अभिभावकहरूलाई जानकारी गराउनु रहेको छ ।

भिडियोहरू लिंक र थप जानकारीको लागि कृपया हाम्रो वेबसाइट www.wcsoh.org/kindergarten मा जानुहोस् ।

# <u>आमाबुबा जाँचसूचि विषय #1, #3, #4 तथा #5 को व्याख्या</u>

**#1 – <u>जन्म प्रमाणपत्र</u>**

- सक्कल जन्म प्रमाणपत्र

यदि प्रारम्भिक प्रवेश पश्चातको 14 दिन भित्रमा जन्म प्रमाणपत्र प्रस्तुत नगरिएमा प्रिन्सिपल/तोकिएको व्यक्तिले Department of Administrative Services (प्रशासनिक सेवा विभाग) लाई सूचित गर्नुहुनेछ जसले त्यसपछि उक्त विद्यार्थी हराइरहेको बच्चा हुन सक्छन् भनेर उक्त विद्यार्थी बसोबास गर्ने क्षेत्रमा क्षेत्राधिकार भएको कानुन पालना गराउने निकायलाई सूचित गर्नेछ ।

**<u>#3 - आवास अनुमतिको दुइ (2) वटा प्रमाणहरू</u>**

प्रमाणिकरणले Westerville City School District मा हप्ताको 7 दिन को आधारमा आवास अनुमतिलाई र अन्य ठाउँमा छुट्टै आवास कायम नगरेको तथ्यलाई प्रमाणित गर्छ ।

- *उपलब्ध गराइएका प्रमाणहरूको रुपमा पढ्ने योग्य स्क्यानहरु वा चिन्न सकिने फोटोहरू अनुप्रयोगमा अपलोड गर्नु <u>अनिवार्य छ।</u>*

**<u>A</u>** बाट एउटा (1) प्रमाण र **<u>B</u>** बाट एउटा (1) प्रमाण उपलब्ध गराउनुहोस्:

**<u>A:</u>**

- कबुलियतमा संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम लेखिएको (वित्तीय जानकारीलाई मात्र संशोधन गर्ने विकल्पसहित), हस्ताक्षर पृष्ठ र घरधनीको नाम तथा फोन नम्बर भएको **<u>हालको सक्रिय</u>*** भाडा/कबुलियत सम्झौता;
  **यदि मासिक रूपमा भाडामा बसुभएको छ भने (व्यापारिक लेटरहेडमा) घरधनीको नाम तथा फोन नम्बर सहित कबुलियत सम्झौता तथा वर्तमानको प्रमाण ल्याउनुहोस्;* **वा**
- संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम लेखिएको (वित्तीय जानकारीलाई मात्र संशोधन गर्ने विकल्पसहित) **<u>वर्तमानको</u>** (पछिल्लो 30 दिनको मिति भएको धितो विवरण); ***र***

**<u>B:</u>**

- **<u>वर्तमानको</u>** (पछिल्लो 30 दिनको मिति भएको) सार्वजनिक उपयोगिता सेवाको बिल (अर्थात् ग्यास, पानी, विद्युत, ल्यान्डलाइन फोन, केवल वाइन्टरनेट) जसले Westerville School District को निवासी तथा कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबा बस्ने ठेगानामा सेवा उपलब्ध गराएको देखाउँछ; **वा**
- Westerville School District को ठेगाना र कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम देखाउने **<u>वर्तमानको</u>** (पछिल्लो 30 दिनको मिति भएको) सरकारी पत्राचार (अर्थात् बाल भरणपोषण, सरकारी सहयोग)

**#4 - <u>खोप आवश्यकताहरू तथा जानकारी</u>**

अद्यावधिक गरिएको खोपको अभिलेख(हरू) उपलब्ध गराइनुपर्छ (चिकित्सकको कार्यालयबाट ल्याइएको प्रिन्टआउट पनि हुनसक्छ) । ओहियो संशोधित संहिताले विद्यालय शुरू भएको पहिलो 14 दिन भित्रमा खोपहरूको प्रमाण उपलब्ध गराइनुपर्छ भनेर अनिवार्य गरेको छ, अन्यथा बच्चालाई विद्यालयमा उपस्थित हुनबाट रोक लगाइनेछ ।

**<u>खोपहरू तपाईंको स्थानीय स्वास्थ्य विभागहरू मार्फत उपलब्ध हुन्छन्</u>**

वेस्टरभिल तथा गाहान्ना: 614-525-3719 कोलम्बस: 614-645-7945 डेलावेयर काउन्टी: 740-203-2040

- DTaP/ DT खोपहरू [Diphtheria (भ्यागुते रोग), Pertussis (लहरे खोकी), Tetanus (धनुषटंकार)]: चौथों खोप चौथों जन्मदिनमा वा त्यस भन्दा पछि नलगाएमा 5 पटक अनिवार्य खोप लगाइएको हुनुपर्छ ।
- IPV (पोलियो): 3 वा 3 भन्दा बढी पटक अनिवार्य खोप दिइएको हुनुपर्छ; पछिल्लो खोप चौथों जन्मदिनमा वा त्यस पछि दिइएको हुनुपर्छ ।
- MMR [Measles (दादुरा), Mumps (गल्फुलो), Rubella (रूबेला)]: 2 पटक अनिवार्य खोप लगाइएको हुनुपर्छ; पहिलो खोप पहिलो जन्मदिन या त्यस पछि लगाइएको हुनुपर्छ ।
- HEP B (हेपाटाइटिस B): 3 पटक अनिवार्य खोप लगाइनुपर्छ, खोप लगाउने कार्य पूरा हुन 6 महिना लाग्न सक्छ ।
- VARICELLA (ठेउलाको खोप) वा उक्त रोगको इतिहास: 2 पटक अनिवार्य खोप लगाइएको हुनुपर्छ, पहिलो खोप पहिलो जन्मदिन वा त्यसपछि लगाइएको हुनुपर्छ । यदि विद्यार्थीलाई उक्त रोग पहिला लागेको भएमा, चिकित्सक वा आमाबुबाले उक्त रोगको प्रमाण/मिति उपलब्ध गराउन सक्नुहुन्छ ।

**#5 - <u>सम्बन्धविच्छेद/संरक्षकत्व जिम्माको लिखित प्रमाण</u>** (यदि यो तपाईंको परिस्थितिमा लागू हुने भएमा) - अदालतद्वारा हस्ताक्षर गरिएको तथा मिति/समयको छाप लगाइएको **<u>हुनुपर्छ</u>**:

- अन्तिम सम्बन्धविच्छेद आदेश जसमा विद्यालय भर्नाको लागि आवासीय आमा/बुबाको रूपमा निर्दिष्ट आमा/बुबाको नाम तोकिएको साझा पालनपोषण योजना समावेश हुनसक्छ; वा
- हजुरआमा-हजुरबुबा वारिसनामा; वा
- निर्दिष्ट अभिभावकको नाम तोकिएको अस्थायी संरक्षकत्व जिम्मा आदेश; वा
- सैन्य वारिसनामा

**यदि तपाईंलाई आफ्नो बच्चामा अपाङ्गता भएको थाहा छ वा शङ्का छ भने WESTERVILLE CITY SCHOOLS को SPECIAL EDUCATION OFFICE (विशेष शिक्षा कार्यालय) लाई 614-797-5900 मा सम्पर्क गर्नुहोस् ।**